नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**हुलाक सेवा विभाग डिल्लीबजारको**
**छाता, हल्कारा झोला, पन्चो बर्षादी खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र पुनः आव्हानको**
**सूचना**

**सूचना प्रकाशित मितिः- २०७२।०२।०८**

**ठेक्का नं. ०४-०७१/७२ (NCB)**

यस विभागलाई आ.व. २०७१/०७२को लागि आवश्यक पर्ने छाता, हल्कारा झोला, पन्चो बर्षादी सिलबन्दी बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इजाजत प्राप्त इच्छुक संस्था, फर्म/कम्पनीहरूले यो सूचना तथा बोलपत्र फाराममा उल्लेखित शर्त एवं रित पूरा गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र कार्यालय समयमा यस विभाग वा गोश्वारा हुलाक कार्यालय सुन्धाराबाट बोलपत्र फाराम खरिद गरी वा E-bidding गर्न चाहनेहरूले हुलाक सेवा विभागको वेभ साइट www.nepalpost.gov.np वा सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेभ साइट http://gepson.gov.np बाट download गरि, ३१ औं दिन दिनको १२:०० बजे भित्र http://gepson.gov.np मा upload गरि पेश गर्न वा हुलाक सेवा विभाग डिल्लीबजारमा रितपूर्वक सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरूः-**

१. सिलबन्दी बोलपत्रको लागि रू. १,०००।- (फिर्ता नहुने गरी) नगद बुझाई दर्खास्त साथ नविकृत फर्म/कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा आ.व. २०७०/०७१ को कर चुक्ता प्रमाणपत्र वा नियमानुसार कर विवरण दाखिला गरेको कागजातको प्रमाणित प्रतिलिपिहरू १/१ प्रति पेश गरी यस विभागबाट वा गोश्वारा हुलाक कार्यालय सुन्धाराबाट प्राप्त गर्न सकिने छ । अथवा e-bidding मार्फत टेण्डर प्रकृयामा सम्लग्न हुन चाहने फर्महरूले बोलपत्र फाराम बापतको रकम हुलाक सेवा विभागको खाता नं. क-१-१-९९९ कार्यलय कोड नं. २७-३५८-०४ नेपाल राष्ट्र बैक थापाथलीमा रू. १,०००।- दाखिला गरी सो को सक्कलै भौचर स्क्यान गरि बोलपत्र फाराम साथ upload गर्नुपर्ने छ ।

२. बोलपत्र फाराम साथ १,१९,०००।- (एकलाख उन्नाइस हजार मात्र) रकम यस विभागको १२०१२००००१००२५२४ नेपाल राष्ट्र बैंक थापाथली स्थित धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा सोहि रकम बराबरको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन अवधि भएको मान्यता प्राप्त बैंकको बैंक जमानी पत्र (विड वण्ड) पेश गर्नु पर्नेछ । e-bidding मार्फत बोलपत्र पेश गर्न चाहने फर्महरूले बोलपत्र फारामसाथ बैंक भौचर वा बैंक जमानि पत्रका साथै अन्य कागजातहरू Scan गरी Upload गर्नुपर्नेछ ।

३. म्याद भित्र पर्न आएका सिलबन्दी बोलपत्रहरू ३१ औं दिन अपरान्ह २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस विभागमा खोलिने छ । बोलपत्रदाता वा प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । E-bidding मार्फत बोलपत्र पेश गरेका फर्महरूले सम्पूर्ण सक्कल कागजात तथा छाता, हल्कारा झोला, पन्चो बर्षादीहरूका नमूनाहरू सोहि समयमा अनिवार्य रूपमा पेश गर्नुपर्ने छ । बोलपत्र खरिद गर्ने अन्तिम दिन वा पेश गर्ने दिन वा पूर्व-बोलपत्र बैठकका लागि तोकिएको दिन सार्वजनिक विदा परी कार्यालय बन्द भएमा उक्त कार्य त्यस पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

४. सिलबन्दि बोलपत्रसाथ विभागको नमूनानुसारको छाता, हल्कारा झोला, पन्चो बर्षादीका ३/३ थान नमूनाहरू (पछि फिर्ता नहुने गरी) सहि छाप गरी प्रामाणित गरी अनिवार्य रूपमा पेश गर्नु पर्ने छ । नमूनाहरू गुणस्तर परीक्षणगर्दा नष्ट नभएको खण्डमा मात्र फिर्ता हुनेछ अन्यथा फिर्ता माग गर्न पाइने छैन ।

५. विद्युतीय बोलपत्र (e-bidding) सम्बन्धी थप जानकारीः

(क) E-bidding मा भाग लिने बोलपत्रदाताहरूले हुलाक सेवा विभागको वेभ साइट www.nepalpost.gov.np वा सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेभ साइट http://gepson.gov.np बाट सूचना र बोलपत्र सम्बन्धि कागजात download गरि प्राप्त गर्न सकिने छ । सोहि सूचना र बोलपत्र सम्बन्धि कागजातमा प्रक्रिया र शर्तहरूको परिधिमा रहि बोलपत्र पेश गर्नुपर्ने छ ।

(ख) E-bidding मा बोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु बोलपत्रमा उल्लेख गरिए अनुरूप सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेभ साइट http://gepson.gov.np मा scanned copy upload गर्नुपर्ने छ ।

(ग) e-submission गर्ने बोलपत्रदाताहरूले बोलपत्र आव्हान भएको ३१ औं दिन दिनको १२:०० बजे भित्र upload गरिसक्नु पर्ने छ । Upload भएका बोलपत्रहरू सोहि दिनको २:०० बजे बिद्युतिय रूपमा खोलिने छ । खोल्ने समयमा विद्युतिय रूपमा पेश गरिएका कागजपत्रहरूको सक्कल प्रति (Hard copy) तथा पेश गर्नु पर्ने छाता, हल्कारा झोला, पन्चो बर्षादीका नमूनाहरू प्रमाणित गरि अनिवार्य रूपमा पेश गर्नुपर्ने छ । e-bidding मार्फत बोलपत्र पेश गर्ने तर बोलपत्र खोल्ने समयमा सक्कल कागजातहरू तथा छाता, हल्कारा झोला, पन्चो बर्षादीका नमूनाहरू पेश नगर्ने बोलपत्रदाताहरूको बोलपत्र मान्य हुने छैन ।

६. बोलपत्र पुरै वा आंशिक स्वीकृत गर्ने, अस्वीकृत गर्ने तथा तोकिएको परिमाणमा घटि वा बढि लिने गरी स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहने छ ।

७. बोलपत्र फाराममा केरमेट भएको ठाउमा सहिछाप नभएको, सबै आइटमहरूको दररेट नभरेको, कुल रकम अंक र अक्षरमा नलेखिएको, बोलपत्रको सूचना र बोलपत्र सम्वन्धि कागजातमा उल्लेखित सवै रित नपुगेको, धरौटी रकम नभएको वा पुरा नभएको, शर्त राखि पेश गरिएका बोलपत्र मान्य हुने छैन ।

८. एउटै खरिद बन्दोबस्तमा एकै बोलपत्रदाताले सिलबन्दी बोलपत्र वा विद्युतीय बोलपत्र (e-bidding) मध्ये कुनै एक माध्यामबाट मात्र बोलपत्र पेश गर्न सकिनेछ । दुबै प्रणाली प्रयोग गरि बोलपत्र पेश गरेमा त्यस्तो दुवै बोलपत्रहरू स्वतः रद्द हुनेछ ।

९. बोलपत्र खोलि स्विकृत भएको खण्डमा स्वीकृत बोलपत्रदाताले सो को सूचना पाएको १५ दिन भित्र मु.अ.क. समेत कुल स्विकृत रकमको कम्तिमा ५ प्रतिशतले हुन आउने रकम यस विभागको १२०१२००००१००२५२४ नम्वरको नेपाल राष्ट्र बैक थापाथलि स्थित धरौटी खातामा रकम जम्मा गरेको सक्कलै बैक भौचर वा सोहि रकम बरावरको कम्तिमा एक बर्ष अवधि भएको मान्यता प्राप्त बैकको बैक जमानी पत्र (Unconditional performance bond) पेश गरी सम्झौता गर्न आउनुपर्नेछ । सो बमोजिम सम्झौता गर्न नआएमा बोलपत्र साथ पेश गरेको धरौटी वा बिडवण्ड रकम जफत गरी दोश्रो घटी कवोल गर्ने बोलपत्रवाला संग सम्झौता गर्ने प्रकृया अगाडि बढाइने छ ।

१०. सम्झौता बमोजिम आपूर्ती हुने सामाग्रीहरूको भुक्तानी गुणस्तर तथा अन्य आवश्यक पक्ष जांच गरी बुझाएको आधारमा पटक पटक वा एकै पटक नियमानुसार लाग्ने करहरू र ५ प्रतिशत निरोधित जमानत रकम (Retention Money) कट्टा गरी बांकी रकम विभागले सप्लायर्सलाई भुक्तानी दिने छ ।

११. सिलवन्दि बोलपत्र खामको बाहिर **"छाता, हल्कारा झोला, पन्चो बर्षादीहरू खरिदका लागि सिलवन्दि बोलपत्र"** भनि उल्लेख गर्नुका साथै बोलपत्र पेश गर्ने फर्म वा कम्पनिको नाम, ठेगाना समेत स्पष्ट ढंगले लेखिएको हुनु पर्दछ ।

१२. छाता, हल्कारा झोला, पन्चो बर्षादीहरूको विवरण, परिमाण एवं स्पेशिफिकेसन बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र सम्बन्धी अन्य कुराहरू बुझ्न परेमा कार्यालय समय भित्र यस विभागमा आई सम्पर्क राख्न सकिनेछ ।